# इनरुवा नगरपालिका

# स्थानीय राजपत्र

खण्डः १ संख्याः३३ मितिः २०८१।०२।३२


## भाग-२

## इनरुवा नगरपालिका, सुनसरी

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी इनरुवा नगरपालिकाबाट सर्वसाधरणको जानकारीको लागि यो राजपत्र प्रकाशन गरिएको छ।

**इनरुवा नगरपालिकाको कर्मचारी तह बृद्धि गर्ने सम्वन्धी कार्यविधि, २०८१**

नगर कार्यपालिकाबाट स्वीकृत मितिः २०८१।०२।३१

प्रमाणीकरण मितिः २०८१।०२।३२ गते

# इनरुवा नगरपालिकाको कर्मचारी तह बृद्धि गर्ने सम्वन्धी कार्यविधि, २०८१

**प्रस्तावनाः**

कोशी प्रदेश सरकारबाट जारी भएको “स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन ) ऐन, २०८०” मा गरिएको तह बृद्धि सम्बन्धी व्यवस्थालाई व्यवस्थित र पारदर्शी ढङ्गले कार्यान्वयन गर्न वाञ्छनीय भएकोले, स्थानीय सेवाको गठन, सञ्चालन र सेवाको शर्तहरु सम्बन्धमा व्यवस्था गर्न जारी गरिएको ऐन, २०८० को दफा १५१ ले दिएको अधिकार प्रयोग गरी इनरुवा नगरपालिका सुनसरीले यो कार्यविधि तयार गरी जारी गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "कर्मचारीको तह बृद्धि सम्बन्धी कार्यविधि, २०८१" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त लागू हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) "ऐन" भन्नाले स्थानीय सेवाको गठन, सञ्चालन र सेवाको शर्तहरु सम्बन्धमा व्यवस्था गर्न जारी गरिएको ऐन, २०८० सम्झनु पर्छ ।

(ख) "कर्मचारी" भन्नाले इनरुवा नगरपालिका अन्तर्गतको सेवाका पदमा वहाल रहेका स्थायी कर्मचारी सम्झनु पर्दछ ।सो शब्दले कर्मचारी समायोजन ऐन २०७५ बमोजिम इनरुवा नगरपालिकामा समायोजन भएका कर्मचारी साथै संघिय तथा प्रदेश लोकसेवा आयोगबाट सिफारिस भई इनरुवा नगरपालिकामा स्थायी नियुक्ति भएका कर्मचारी समेत लाई जनाउदछ ।

(ग) “प्रमुख प्रशासकिय अधिकृत” भन्नाले इनरुवा नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृत सम्झनु पर्दछ।

(घ) "नगरपालिका" भन्नाले इनरुवा नगरपालिका सुनसरी सम्झनु पर्छ ।

(ङ) "प्रदेश" भन्नाले कोशी प्रदेशलाई सम्झनु पर्छ ।

(च) "कार्यपालिका" नगरपालिकाको कार्यपालिकालाई सम्झनु पर्छ ।

(छ) "निकाय" भन्नाले नेपालको संविधान तथा प्रदेश कानून बमोजिम स्थापित नगरपालिका अन्तर्गतका सचिवालय, प्रतिष्ठान, वडा कार्यालय, स्वास्थ्य संस्थालाई सम्झनु पर्छ ।

(ज) “तहवृद्धी” भन्नाले ऐनको दफा ४, दफा ८ र दफा २७ बमोजिम हुने तहवृद्धी सम्झनु पर्दछ ।

(झ) “प्रदेश लोकसेवा” आयोग भन्नाले कोशी प्रदेशको प्रदेश लोकसेवा आयोग सम्झनु पर्दछ ।

**३. सूचना प्रकाशन गर्नेः-** इनरुवा नगरपालिकामा कार्यरत कर्मचारीको तहवृद्धि गर्दा स्थानीय सरकारी सेवा (गठन तथा संचालन) ऐन, २०८० को दफा २७ को उपदफा (१) बमोजिम आर्थिक वर्षको माघ १ गते र श्रावण १ गतेबाट जेष्ठता कायम हुने गरी प्रमुख प्रशासकिय अधिकृतले तहवृद्धिको निर्णय गर्नु पर्नेछ। सो प्रयोजनका लागि कम्तिमा १ महिना अवधिको नगरपालिकाले आफ्नो वेवसाईडमा सूचना

प्रकाशन गर्नु पर्ने छ ।यस्तो सूचनामा निवेदन साथ देहायका कागजातहरु उल्लेख गरी निवेदन दिनु पर्नेछ ।

निवेदन साथ उल्लेख गर्नुपर्ने कागजातहरु

- ❖ सेवा अवधि पुष्टि गर्ने नियुक्तिपत्र,
- ❖ सङ्घीय लोकसेवा आयोगबाट स्थानीय तहको छैटौं तहमा सिफारिस भएको भए उक्त सिफारिस पत्र
- ❖ समायोजन भएका कर्मचारीको हकमा समायोजन भएको पत्र,

४.**<u>सिफारिस समिति</u>**:-यस दफा बमोजिम कर्मचारीको तहवृद्धिका लागि सिफारिस गर्न प्रमुख प्रशासकिय अधिकृतको अध्यक्षतामा कार्यपालिकाले तोकेको एक महिला सहित २ जना बरिष्ठ कर्मचारी रहेको देहाय अनुसारको तहवृद्धि सिफारिस समिति रहने छ ।

(क) प्रमुख प्रशासकीय अधिकृत - संयोजक

(ख) कार्यपालिकाले तोकेको एक महिला कर्मचारी - सदस्य

(ग) प्रशासन शाखा प्रमुख - सदस्य सचिव

**५. <u>आवश्यक न्यूनतम योग्यता र सेवा अवधि</u>:-** इनरुवा नगरपालिकामा कार्यरत कर्मचारीको तहवृद्धि गर्दा तहवृद्धि हुने पदभन्दा एकतह मुनीको पदमा पाँच बर्षको सेवा अवधि पूरा भएका,पछिल्लो तीन बर्षको कार्य सम्पादन मूल्यांङ्कनमा औषत नब्वे प्रतिशत अङ्क प्राप्त गरेका र देहाय बमोजिमको न्यूनतम शैक्षिक योग्यता हासिल गरेका कर्मचारीलाई देहाय बमोजिमको सम्वन्धित सेवा, समुह वा उपसमुहभित्र तह वृद्धि गरिने छ ।

| क्र.स. | हालको तह | तह बृद्धि हुने तह | स्वास्थ्य सेवा बाहेकका अन्य स्थानीय सेवा | स्थानीय स्वास्थ्य सेवा |
|---|---|---|---|---|
| १ | पाँचौं | छैटौं | सेवा समूहसँग सम्बन्धित विषयमा न्यूनतम प्रवीणता तहमा प्रमाण पत्र तह वा कक्षा १२ उत्तिर्ण | स्वास्थ्य सेवामा सङ्घीय कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |
| २ | सातौं | आठौं | सेवा समूहसँग सम्बन्धित विषयमा स्नातक तह उत्तिर्ण | स्वास्थ्य सेवामा सङ्घीय कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |
| ३ | नवौं | दशौं | सेवा समुह सँग सम्वन्धित विषयमा कम्तिमा स्नातक तह उत्तिर्ण गरेको | स्वास्थ्य सेवामा सङ्घीय कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |

(४) तहवृद्धि हुँदा त्यस्तो पद स्वत: माथिल्लो तहको पदमा कायम हुनेछ र त्यसरी तहवृद्दी भएको कर्मचारी जुनसुकै कारणले सो पदमा कार्यरत नरहेमा त्यस्तो पद साविककै तहमा कायम हुनेछ ।

(५) उपदफा (१) बमोजिम तह वृद्धि गर्दा सम्वन्धित कर्मचारीले खाईपाई आएको तलब भन्दा घटी हुने भएमा तलब भन्दा घटि नहुने गरी ग्रेड मिलान गरिनेछ ।

(६) यस दफा बमोजिम गरिएको तह वृद्धिको जानकारी निर्णय भएको मितिले पन्ध्रदिन भित्र प्रदेश किताबखाना र प्रदेश लोकसेवा आयोगलाई दिनु पर्नेछ ।

६. **तह बृद्धि सम्बन्धी विशेष व्यवस्थाः** (१) ऐनको दफा ८(१३) बमोजिम चौथो तहका सहायक कम्प्यूटर अपरेटर पदमा कार्यरत कर्मचारीको प्रमुख प्रशासकिय अधिकृतले तह वृद्धिको निर्णय गरी नियुक्तिपत्र दिनेछ ।

(२) ऐनको दफा ८ को उपदफा (१६) बमोजिम निजामती सेवा बाहेक अन्य सेवाबाट स्थानीय तहमा समायोजन भई सेवा अवधि ५ बर्ष पुरा गरेका पाँचौं, सातौं र नवौं तहमा कार्यरत कर्मचारीलाई ऐनको दफा २७ को प्रकृया पुरा गरी क्रमश: छैठौं,आठौं र दशौं तहमा एकतह वृद्दि गरिने छ ।

(३) ऐनको दफा ८ को उपदफा (१६) बमोजिम अधिकृतस्तर सातौं र नवौं तहका पदहरुमा दफा २८ को प्रकृया पुरा गरी बढुवा समितिले बढुवा गर्नेछ।

(४) संघिय लोकसेवा आयोगबाट खुल्ला प्रतियोगितात्मक परिक्षाद्वारा स्थानीय सेवाको छैटौंतहको पदमा सिफारिस भई आएका स्थानीय तहमा कार्यरत कर्मचारीको सातौं तहका लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता पुगेको भएमा अख्तियारवालाले सातौं तह कायम गरिदिनु पर्नेछ ।यसरी सातौं तह कायम गर्नु पूर्व संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी संगठन संरचना तथा दरबन्दी स्वीकृत गर्नु पर्नेछ ।

(५) ऐनको दफा ४ को उपदफा (५) बमोजिमको तह वृद्धि हुने कर्मचारीलाई प्रमुख प्रशासकिय अधिकृतले निर्णय गरि नियुक्ति पत्र दिनेछ।

(६) **कामकाजमा खटिएका कर्मचारी सम्वन्धि व्यवस्था**:- कोशी प्रदेश वाहिर कामकाजमा खटिएका तर कोशी प्रदेश अन्तर्गत दरवन्दी भएका कर्मचारीको दरवन्दी भएको स्थानीयतहमा तहवृद्धि हुनेछ ।एक स्थानीय तहबाट अर्को स्थानीय तहमा कामकाजमा खटिएका कर्मचारीको हकमा दरवन्दी/पदाधिकार रहेको कार्यालयमा तहवृद्धि गरिनेछ ।

७.**जेष्ठता कायमः-** तह वृद्धि हुने कर्मचारीको ऐनको दफा २६ बमोजिम प्रत्येक आर्थिक बर्षको माघ १ गते र श्रावण १ गतेबाट जेष्ठता कायम हुनेछ ।

८. **बाधा अड्काउ फुकाउन सक्नेः** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अडकाउ उत्पन्न भएमा बाधा अडकाउ फुकाउने अधिकार प्रदेश लोकसेवा आयोगको परामर्शमा नगर कार्यपालिकाको हुनेछ ।

९. **तह बृद्धि गर्न नहुनेः** यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि ऐनको दफा ३१ बमोजिम देहायको अवस्थामा स्थानीयतहका कर्मचारीको तहवृद्धि गरिने छैन ।

(क) नसिहतको सजाय पाएकोमा नसिहत पाएको मितिले एक बर्षसम्म,

(ख) निलम्बन भएकोमा निलम्बन भएको अवधिभर,

(ग) तलबबृद्धि वा बढुवा रोक्का भएकोमा तलबबृद्धि वा बढुवा रोक्का भएको अवधिभर,

(घ) असाधारण विदामा बसेकोमा सो विदाको अवधिभर ।

**११. जानकारी दिनु पर्नेः** (१) यस निर्देशिका बमोजिम गरेको बढुवा र तह बृद्धिको जानकारी निर्णय भएको मितिले पन्ध्र दिन भित्रमा, मुख्य मन्त्री तथा मन्त्री परिषदको कार्यालय, प्रदेश किताबखाना र प्रदेश लोकसेवा आयोगलाई दिनु पर्नेछ ।

**१२. उजुरी गुनासो र पुनरावेदन:-**तहवृद्धिको निर्णय उपर चित्त नवुझेमा प्रदेश लोकसेवा आयोगमा निर्णय सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र उजुरी,गुनासो वा पुनरावेदन गर्न सकिने छ।

**१३. प्रचलित कानून बमोजिम हुनेः** यस कार्यविधिमा उल्लेख भएको विषयमा यसै कार्यविधि बमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

अनुसूची १

दफा ४ को उपदफा ३ सँग सम्बन्धित

मिति:

## बढुवा तथा तह बृद्धि हुने कर्मचारीले निवेदन पेश गर्ने सम्बन्धी सूचना

स्थानीय सेवाको गठन, सञ्चालन र सेवाको शर्तहरु सम्बन्धमा व्यवस्था गर्न जारी गरिएको ऐन, २०८० को दफा ४ को उपदफा (५) तथा दफा ८ को उपदफा (१६) अनुसार तथा **कर्मचारीको तह बृद्धि सम्बन्धी कार्यविधि, २०८१ को दफा ३ को उपदफा १ र २ बमोजिम** बढुवा तथा तह बृद्धि हुने कर्मचारीहरुले एक महिना भित्र देहायका कागजातहरु संलग्न गरी यस कार्यालयमा निवेदन दर्ता गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ ।

प्रमुख प्रशासकीय अधिकृत

**पेश गर्नु पर्ने कागजातहरु**

क) सेवा अवधि पुष्टि गर्ने नियुक्तिपत्र,

ख सङ्घीय लोक सेवा आयोगबाट स्थानीय तहको छैटौं तहमा सिफारिस भएको भए उक्त सिफारिस पत्र

(ख) समायोजन भएका कर्मचारीको हकमा समायोजन भएको पत्र,

(ग) पछिल्लो तीन बर्षको कार्यसम्पादन मूल्याङ्कनको औसत प्राप्त अंक (नब्बे प्रतिशत अङ्क प्राप्त गरेको हुनुपर्ने)

अनुसूची २

दफा ४ को उपदफा ४ सँग सम्बन्धित

**बढुवा तथा तह बृद्धि हुने कर्मचारीले पेश गर्ने निवेदनको ढाँचा**

मिति:

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू

इनरुवा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय

इनरुवा, सुनसरी

**विषय: बढुवा/तह बृद्धिको निवेदन पेश गरेको ।**

तहाँ कार्यालयको मिति २०८ । । मा प्रकाशित बढुवा तथा तह बृद्धि हुने कर्मचारीले निवेदन पेश गर्ने सम्बन्धी सूचना अनुसार देहायको विवरण र कागजात संलग्न गरी यो निवेदन पेश गरेको छु ।

१. बढुवा/तह बृद्धि हुने कर्मचारीको नाम:

२. स्थायी ठेगाना

३. पद:

४. शुरु नियुक्ति मिति:

५. हालको पदमा बढुवा नियुक्ति मिति:

६. शैक्षिक योग्यता:

**पेश गरिएका कागजातहरु**

क) सेवा अवधि पुष्टि गर्ने नियुक्तिपत्र,

ख सङ्घीय लोक सेवा आयोगबाट स्थानीय तहको छैटौं तहमा सिफारिस भएको भए उक्त सिफारिस पत्र

(ख) समायोजन भएका कर्मचारीको हकमा समायोजन भएको पत्र,

(ग) पछिल्लो तीन बर्षको कार्यसम्पादन मूल्याङ्कनको औसत प्राप्त अंक (नब्बे प्रतिशत अङ्क प्राप्त गरेको हुनुपर्ने)

अनुसूची ३

## बढुवा तथा तह बृद्धि नियुक्तिको ढाँचा

मिति:

विषय: बढुवा/तह बृद्धि नियुक्ति।

श्री ............................ ( कर्मचारी संकेत नं..........)

इनरुवा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

इनरुवा ३ सुनसरी ।

यस कार्यालयको मिति ............. गतेको निर्णयानुसार स्थानीय सरकारी सेवाको गठन, सञ्चालन र सेवाको शर्तहरु सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८० को दफा ४ को उपदफा (५) तथा दफा ८ को उपदफा १७ बमोजिम तपाईंलाई देहाय अनुसार बढुवा/ तहबृद्धि गरिएको छ।

बढुवा/ तहबृद्धि हुनु भएकोमा हार्दिक बधाई राष्ट्र सेवामा उच्च मनोबलका साथ कार्य सम्पादन गर्नु हुने अपेक्षा लिईएको छ ।

| **हाल कार्यरत पदको विवरण** | **बढुवा/तह बृद्धि भएको पदको विवरण** |
|---|---|
| १.सेवा:<br>२.समूह/उपसमूह:<br>३.पद:<br>४.तह: | १. सेवा:<br>२. समूह/उपसमूह:<br>३. पद:<br>४. तह: |

**बोधार्थ**

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाण्डौ ।<br>
श्री मुख्य मन्त्री तथा मन्त्री परिषदको कार्यालय, विराटनगर .<br>
श्री प्रदेश किताबखाना विराटनगर ।<br>
श्री आर्थिक प्रशासन शाखा, इनरुवा नगरपालिका सुनसरी ।

**आज्ञाले,**<br>
**डिल्लीराज निरौला**<br>
**प्रमुख प्रशासकीय अधिकृत**